FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

*Ref. N-112/015-17* *GoN Registration No. : 01-2070/71*

**हार्दिक शुभकामना ।**

हाम्रो जीवन र समाजको आधा हिस्सेदार महिलालाई समान अबसरका लागि प्रेरित गर्दै आज मनाई रहेको अन्तर्राष्ट्रिय नारी दिवसको अबसरमा सम्पूर्ण नेपाली नारीवर्गमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

महिला र पुरुषवीच हुने बिभेदका कारण हाम्रो जीवन, परिवार, समाज र राष्ट्रले ५० प्रतिशतको क्षमता गुमाउन परिरहेको छ भन्ने मेरो जीवनको सवैभन्दा ठूलो विश्वास हो । यही विश्वासका कारण बाँकी रहेको ५० प्रतिशत क्षमतालाई पनि उपयोग गर्न महिलालाई समान अबसर सिर्जना गर्नुपर्छ भन्नेमा गैरआवासीय नेपाली संघले पैरवी गर्दै आइरहेको छ । संयोगवस संयुक्त राष्ट्रसंघले पनि सन् २०३० सम्म समान हिस्सेदारीको लक्ष्य राख्दै यो बर्ष नारी दिवस मनाईदै छ ।

यस अर्थमा हरेक बर्ष ८ मार्चमा मनाइने नारी दिवस केवल दिवसको औपचारिकतामा मात्र हैन, हामीभित्र निहीत ५० प्रतिशत अतिरिक्त क्षमताको पहिचान र उपयोगमा प्रेरणा दिन दिनको रुपमा रहोस् भन्ने चाहना रहेको छ ।

नारी संर्घषको प्रतिकको रुपमा रहेको नारी दिवसका अवसरमा संसारभरी रहनुभएका नारीवर्गमा म ब्यक्तिगत रुपमा र सम्पूर्ण गैरआवासीय नेपाली संघका तर्फबाट हार्दिक शुभकामना ब्यक्त गर्दछु । साथै नारी दिवसका अबसरमा गैरआवासीय नेपाली संघ, महिला फोरम र बिभिन्न राष्ट्रिय समन्वय समिति अन्तर्गतका महिला फोरमले आयोजना गर्न लागेका सवै कार्यक्रमको सफलताको शुभकामना ब्यक्त गर्दछु ।

शेष घले
अध्यक्ष,
अन्तराष्ट्रिय समन्वय परिषद्,
गैरआवासीय नेपाली संघ ।

मितिः ८ मार्च २०१६